# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०८०/०८१ बैठक व्यवस्थापन शाखा

च.नं. : ४०६

मिति : २०८०/०५/१८

विषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका,
सबै शाखा/उपशाखा प्रमुखज्यूहरु,
वडा कार्यालय/वडा सचिवज्यूहरु,
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०८० भदौ १७ गते आइतबार बसेको आ.व. २०८०/०८१ को चौथो गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ३ (तिन) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हनु अनुरोध छ ।

५/१८

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८०/०५/१७ गते आइतबार विहान ७:३० बजे आ.व. २०८०/८१ को यस मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको चौथो बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री सिर्जना बर्तौला प्रशासन शाखा सहायक पाचौँ

२०८० भदौ १७ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

२०८० भदौ १७ गते बसेको गाउँ कार्यपालिकाको चौथो बैठकको छलफलका विषयहरु :

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

१. विगतको निर्णय समीक्षा सम्बन्धमा ।
२. नरिवल तथा फलफूलको विरुवा रोप्ने स्थान छनौट सम्बन्धमा ।
३. आर्थिक सहायता माग भई आएको सम्बन्धमा ।
४. मेयर्स समिटमा भाग लिने सम्बन्धमा ।
५. साना विकास परियोजना प्रस्ताव गर्ने सम्बन्धमा ।
६. मुद्दाको प्रतिरक्षा सम्बन्धमा ।
७. वडा स्तरीय योजना शीर्षक परिवर्तन सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँ कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वियन भईसकेको र केही निर्णय कार्यान्वयनको चरणमा रहेकोमा शीघ्र कार्यान्वयनको लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गर्दै समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा गाउँपालिकाको स्वीकृत कृषि विकास शाखा अन्तर्गतको नरिवलको बगैंचा निर्माण तथा फलफुल खेती शीर्षकमा विनियोजित कार्यक्रमबाट गाउँपालिकाको वडा नं. ७ को रंगशालामा रहेको सार्वजनिक जग्गामा नरिवलको साथै आवश्यकता अनुसारको फलफूल रोप्ने तथा सो को संरक्षण गर्ने निर्णय गरियो । साथै वडाको माग बमोजिम प्रत्येक वडामा रु. एकलाख नबढ्ने गरी अन्य सार्वजनिक निर्माण तथा अन्य समपुरक योजना शीर्षकबाट खर्च व्यहोर्ने गरी प्रत्येक वडामा फलफूलको विरुवा खरिद गरी वडा मार्फत वितरणको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकासँग तपसिल बमोजिमको विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा तपसिल बमोजिम शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. सं. | नामथर/योजना | विवरण | शीर्षक | उपलब्ध गराउने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | मानबहादुर मुक्तान मनहरी ४ | बर्षाको कारण घर जोखिममा परेकोले संरक्षण गर्नु पर्ने | विपद् व्यवस्थापन कोष | ३० थान तार जाली | |
| २. | बुद्धिलाल स्याङ्तान मनहरी २ | मानसिक रोगको उपचार गर्न | आर्थिक सहायता | २५,०००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | पशुपति पाठक मनहरी ९ | खरङ्गाको मुख्य कुलोको मुहान क्षति भएकोले सिन्चाइ अवरुद्ध | विपद् व्यवस्थापन कोष | ६७,४००। | |
| ४. | ९ नं. वडा कार्यालय | वडा कार्यालयको लागि खानेपानी व्यवस्थापन | अन्य सार्वजनिक निर्माण | ८०,१००। | |
| ५. | बंगलामुखी महिला जागृति बचत तथा ऋण सहकारी संस्था लि. | हिंसा प्रभावित महिलाहरुको अभिलेख राख्न डेस्क टप | | ५९,४००। | अनुमोदन |
| ६. | ४ नं. वडा कार्यालय | पड्के फेदमा रहेको तार जाली तथा ड्याम बाढीले क्षति पुर्याएको | विपद् व्यवस्थापन कोष | प्राविधिक लागत अनुमान बमोजिम | |
| ७. | डिल्लीपुर बाटो स्तरीकरण | बाटो स्तरीकरण हुन बाँकी स्थान | दर्दरा डिल्लिपुर सडक स्तरीकरण | डिल्लीपुर बाटो स्तरीकरण शीर्षकमा बचत रकम | |
| ८. | राधाकृष्ण मन्दिर मनहरी १ | सभाहलमा जस्तापाता छाउने | अन्य सार्वजनिक निर्माण | प्राविधिक लागत अनुमान बमोजिम | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी अक्टोबर महिनाको ११ देखि १३ सम्म अष्ट्रेलियाको ब्रिसवेनमा हुन गइरहेको Asia Pacific Cities Summit and Mayors Forum, 2023 मा भाग लिनको लागि मिति २०८० असार ८ गतेको बैठकको निर्णयमा थप गरी उपाध्यक्ष श्री सीता पुलामी मगर, वडा नं. ५ का अध्यक्ष श्री दिपेन्द्र अधिकारी र वडा नं. ९ का अध्यक्ष श्री राजकुमार श्रेष्ठलाई गरी जम्मा ७ जना सहभागी गराउने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०८० भाद्र ६ गते गरेको साना विकास परियोजना प्रस्ताव सम्बन्धी परिपत्र बमोजिम देहायको आयोजना कार्यान्वयनको लागि प्रस्ताव गरी पठाउने र सो को लागि आवश्यक २० प्रतिशत रकम अन्य सार्वजनिक निर्माण तथा अन्य समपुरक योजना शीर्षकबाट व्यहोर्ने निर्णय गरियो।

**प्रस्तावित आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको विवरण | कार्यान्वयन हुने वडा | कैफियत |
|---|---|---|---|
| १. | चकरी खोला पुल | १ | |
| २. | राप्ती नदी तटबन्धन | ६ | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा उच्च अदालत पाटन हेटौडामा MM/Himal J.V. Kathmandu को तर्फबाट सुनिलकुमार गौतम निवेदक भई रिट निवेदन नं. ०८०-WO-००१५ को उत्प्रेषण परमादेश मुद्दामा मनहरी गाउँपालिका समेतको तर्फबाट प्रतिउत्तर मस्यौदा गर्ने, वहस पैरवी, प्रतिरक्षा गर्ने, कानून व्यवसायी मुकर्रर गर्ने लगायतका कामको लागी पुष्पाञ्जली ल फर्मका प्रोपाईटर कानून व्यवसायी अधिवक्ता मोहनप्रसाद ढकाल ना. प्र. न. ९/१२०४ लाई र वारेस भई तारेख लिने प्रति उत्तर दर्ता गराउने लगाएतको कामको लागी पुष्पाञ्जली ल फर्मका सहयोगी जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका ५ बस्ने तेजकुमारी थापालाई अख्तियारी दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. ०८०/०८१ को स्वीकृत वडास्तरीय योजनाहरुको विविध कारणले कार्यान्वयन तथा सञ्चालन गर्न कठिनाई रहेको व्यहोरा सहित वडा कार्यालयको सिफारिस प्राप्त हुन आएको हुँदा तपसिल बमोजिमको योजनाहरु तपसिल बमोजिम कार्यान्वयन तथा संचालन गर्ने निर्णय गरीयो ।

| क्र. सं. | साविक योजनाको नाम | विनियोजित रकम रु. | क्र. सं. | संशोधित योजनाको नाम | संशोधित रकम रु. | कैफियतत |
|---|---|---|---|---|---|---|
| १. | समिल डाँडा कृषि सडक मनहरी ७ | १०,००,०००। | १. | अस्पताल अगाडी शान्तिटोल जाने बाटो स्लाब ढलान, कम्पाउण्ड वाल र भवन स्तरोन्नती | १०,००,०००। | |
| २. | ३ नं वडा कार्यालय मर्मत योजना | ३,००,०००। | २. | नमूना सहकारी जाने बाटो | १,००,०००। | |
| | | | ३. | धनेश्वरी मन्दिर मर्मत | २,००,०००। | |
| ३. | जनज्योति मा.वि. मनहरी १ गोगनपानी घेराबार | ४,००,०००। | ४. | चौर सम्याउने, भवन मर्मत, सिढी निर्माण | ४,००,०००। | २०७९।१०।२६ मा भएको निर्णय संशोधन |
| ४. | मार्ग दर्शन आशिष मण्डली भवनको जिपसन निर्माण | १,००,०००। | ५. | मार्ग दर्शन आशिष मण्डली भवनमा साउण्ड सिष्टम खरिद | १,००,०००। | |
| जम्मा | | १८,००,०००। | | | १८,००,०००। | |

उपरोक्त प्रस्तावहरु उपर सर्वसम्मत निर्णय गरियो ।

अध्यक्ष